प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
रोल्पा

website:rolpa.akc.gov.np
email:akcrolpa@gmail.com
Phone no. : 086-440118, 440302

प.सं.: ०७८/०७९
च.नं.

प्रथम पटक सूचना प्रकाशन मितिः२०७८/१०/१४

कृषि ज्ञान केन्द्र, रोल्पाको चालु आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार तपसिलको कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न इच्छुक कृषक/फार्म/कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/ संघ संस्थाले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०७८/१०/२९ गते भित्र) यस कार्यालयमा देहाय अनुसारको कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड, कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचालन कार्यविधि २०७८ लगायत आवश्यक विवरणहरु यस कार्यालयको वेवसाईट rolpa.akc.gov.np बाट वा सम्बन्धित पालिकाबाट समेत प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा जानकारी गराइन्छ। साथै थप जानकारी चाहिएमा यस कार्यालयमा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ।

तपसिल

| क्र.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदान सीमा |
|---|---|---|---|---|---|---|
| १. | स्रोत बीउ उत्पादन केन्द्र स्थापना तथा सञ्चालन (बीउ आलु) | १)बीउ ढुवानी सहित, विषादी, सुक्ष्म खाद्य तत्व<br>२)बीउ रोप्ने, ड्याङ्ग बनाउने र खन्ने मेसिन, बीउ प्याकेजिङ्ग, weighing balance आदि। | १) सामूहिक वा एकल रुपमा कम्तीमा १ हे. मा आलुको बीउ उत्पादन गरेको हुनुपर्ने।<br>२) पि.वि.एस दानाबाट स्रोत बीउ उत्पादन गर्नेको हकमा न्यूनतम १००० दाना लगाएको हुनु पर्ने | जिल्ला भर | एकल/सामुहिक रुपमा गर्न सकिने | १)PBS दाना बीउमा १०० प्रतिशत अनुदान वा अन्य बीउमा ५० प्रतिशत अनुदान<br>२)प्याकेजिङ्ग, weighing balance, औजार आदि मा ५० प्रतिशत अनुदान<br>३)प्रति हे. अधिकतम रु. २ लाख अनुदान। |
| २. | बीउ प्रशोधन, प्याकेजिङ्ग, लेवालिङ्ग सामग्री तथा उपकरणमा सहयोग | १)कृषि उपजको प्रशोधन, गेडिङ्ग, प्याकेजिङ्ग तथा लेवेलिङ्ग सामाग्री तथा मेशिनरीहरु आदिमा।<br>२)अन्य सहयोगी उपकरणहरुः डिजिटल तराजु, क्रेट, आदि। | १)कृषि उपजको उत्पादन / बिक्री वितरणमा संलग्न भएको हुनु पर्ने।<br>२)कृषि बस्तु उत्पादकहरुसँग पूर्व खरीद सम्झौता गरेको हुनु पर्ने। | जिल्ला भर | प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी/समूह/निजी व्यवसायीहरु हुनु पर्ने | कुल लागतको ५० प्रतिशत वा बढीमा रु. १० लाख मध्ये जुन कम हुन आउँछ सो रकम अनुदान प्रदान गरिने। |

भरतमणी पोखरेल
कार्यालय प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
रोल्पा

website:rolpa.akc.gov.np
email:akcrolpa@gmail.com
Phone no. : 086-440118, 440302

प.सं.: ०७८/०७९
च.नं.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | फलफूल बगैचा सुदृढिकरण कार्यक्रम | १)बगैंचाको काटछाँटका लागि सिकेचर, आरी, विडर, स्प्रेयर लगायतको औजार/उपकरण खरिद। २)सिंचाई सामग्री तथा उपकरण खरिद ३)फ्रुट फ्लाइको लागि ट्र्याप, ढुसीनासक, कीट नासक खरीद। | १) कम्तीमा ०.५ हे. / १० रोपनीमा बगैंचा सुदृढिकरण गरी नमुना बगैंचा बनाउनु गर्नु पर्ने। | जिल्ला भर | एकल कृषक/ फर्म | प्रति कार्यक्रमका लागि अधिकतम रू ५० हजार |
| ४. | फलफूल विरुवा वितरण (७५ प्रतिशत अनुदान) | विभिन्न जातका उन्नत फलफूल विरुवा खरिद, ढुवानी र वितरण। | १)उन्नत जातको फलफूल विरुवा मार्फत फलफूलको क्षेत्र विस्तार वा नयाँ बगैंचा स्थापना गरेको हुनुपर्ने। २)सामूहिक वा एकल रुपमा एउटै चक्लामा बगैंचा स्थापना गर्नेलाई प्राथमिकता दिइने। | जिल्ला भर | एकल / सामुहिक रुपमा गर्न सकिने | • फलफूल विरुवाको जिल्ला दर रेट/प्रचलित दर रेट/सरकारी मूल्यमा अधिकतम ७५ प्रतिशत अनुदान दिइने |

**संलग्न गर्नु पर्ने कागजातहरू:**

१. प्रस्तावकको निवेदन ।
२. दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (निजी फर्म/कम्पनी/सहकारी) ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको को प्रतिलिपि (छनौट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) ।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्षको करार पत्र) ।
११. जग्गा कर (तिरो) तिरेको रसिदको प्रतिलिपी।

नोट : थप जानकारीका लागि कार्यालयको सम्पर्क न. ०८६-४४०३०२ मा सम्पर्क गर्न सकिने छ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि ,खद्य प्रबिधि तथा भुमि व्यवस्था मन्त्रालय
कृषि बिकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, रोल्पा**

फोन नं.-०८६-४४०११८, ४४०३०२
Email: akcrolpa@gmail.com
Website: rolpa.akc.gov.np

प.सं.-२०७८/०७९
च.न.-

## प्रस्ताव आव्हानको सुचना

**प्रकाशन मितिः२०७८/१०/१४**

चालू आ.व. २०७८/०७९ मा यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार अभियानमुखी मिसन कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/फार्म/कम्पनी/समूह/ सहकारी संस्थाले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (फागुन १५ गते भित्र) यस कार्यालयमा तपशिलको विवरण पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

<table>
<tr><th>क्र.स</th><th>कार्यक्रम</th><th>कार्यक्रम लागुहुने क्षेत्र</th><th>मापदण्ड तथा अनुदानको सिमा</th><th>बजेट रु लाख</th><th>अनुदानको सिमा</th></tr>
<tr><td>१</td><td>कागति /सुन्तला , स्याउ मिसन</td><td>रोल्पा नगरपालिका / त्रिबेणी /माडी / रुण्टिगढी / परिबर्तन / गंगादेब/थवाङ गा.पा</td><td rowspan="3">कम्तिमा ३ हेक्टरको कलष्टरमा खेति बिस्तार हुने सम्भावना भएको क्षेत्र हुनु पर्ने छ ।<br>कम्तिमा दुइ रोपनि क्षेत्रफलमा व्यबसायिक खेति गर्ने कृषकलाइ समेत कलष्टरमा जोडन सकिने छ।<br>सिचाइ सुबिधा भएको वा व्यबसायिक खेति सम्भावना भएको हुनु पर्ने छ।</td><td>२५</td><td rowspan="3">प्रति हेक्टर कुल लागतको चालु खर्चमा ५० प्रतिशत वा सार्बजनिक पुर्बाधरको हकमा कुल लागतको रु ७५-८५ प्रतिशत वा एक लाखको मध्ये जुन कम हुन आउछ सोही रकम उपलव्ध गराईनेछ</td></tr>
<tr><td>२</td><td>आलु मिसन</td><td>रोल्पा नगरपालिका / गंगादेब / सुनछहरी /परिबर्तन / थवाङ्ग गा.पा</td><td>२५</td></tr>
<tr><td>३</td><td>मकै मिसन कार्यक्रम</td><td>लुङ्ग्री / रुण्टिगढी / सुनिल स्मृती गा.पा</td><td>२०</td></tr>
</table>

**पेश गर्नुपर्ने कागजातः**

१. अनुसूची- ३ बमोजिमको ढाँचामा निबेदन ।
२. नागरिकताको प्रतिलिपि ।
३. अनुसुचि ४ बमोजिमको विस्तृत कार्ययोजना प्रस्ताब , डिजाइन तथा लागत अनुमानित सहित बिस्तृत प्रस्ताब ।
४. फार्म/कृषक समूह/कृषि सहकारीहरुको दर्ता प्रमाण-पत्रको प्रतिलिपि का साथै गत आ को कर चुक्ता.ब.प्रतिलिपि ।
५. स्थायी लेखा नम्बर)PAN/( मूल्य अभिबृद्धि कर )VAT (दर्ता प्रमाणपत्रको प्रतिलिपि- ।
६. प्रस्तावकको प्रतिवद्धता (दोहोरो अनुदान उपलब्ध नभएको ,साझेदारी रकम) पत्र-
७. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
८. शैक्षिक योग्यता र ,अनुभवको प्रमाणपत्र तथा वैदेशिक रोजगारबाट फिर्ता भएको प्रमाणको प्रतिलिपि- ।
९. कृषक समूह/कृषि सहकारीहरुको बैठकको निर्णय प्रतिलिपी

भरतमणी पोखरेल
कार्यालय प्रमुख

*नोट : थप जानकारीका लागि कृषि ज्ञान केन्द्ररोल्पामा सम्पर्क रा ,खु हुन तथा कार्यालयको फोन नं ०८६४४०११८ .र ०८६४४०३०२ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ सथै* **अनुसूची -१ बमोजिमको निवेदनको ढाँचा र अनुसूची–१ को खण्ड क बमोजिमको-कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा** *कृषि ज्ञान केन्द्ररोल्पा ,को Website:* rolpa.akc.gov.np *मा प्रप्त गर्न सक्नुहुनेछ।*